# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : २ संख्या : ६ मंसिर २१, २०७९

### भाग-३

### सूचना

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९-०८-२१ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

**मिति २०७९।०८।२१ गतेको छैठौं कार्यपालिका बैठकको प्रस्तावहरु**

१. यस भन्दा अगाडीको निर्णयहरुको समीक्षा सम्बन्धमा
२. मतदाता तथा सरोकारवालाहरुलाई धन्यवाद सम्बन्धमा
३. सबै वडाहरुमा एकीकृत घुम्ति सेवा संचालन सम्बन्धमा
४. नवपर्वतन कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धमा
५. LISA र FRA (Fiduciary Risk Assessment) को तयारी सम्बन्धमा
६. जिल्ला खेलकुद विकास समितिलाई राष्ट्रिय खेलकुद कार्यक्रमको लागि सहयोग सम्बन्धमा
७. आर्थिक सहायता सम्बन्धमा
८. वैंकल्पिक सूचीमा रहेका कर्मचारीलाई सम्बन्धित क्षेत्रको काममा प्राथमिकता दिने सम्बन्धमा
९. सहायता कक्षलाई प्रभावकारी रुपमा संचालन गर्न कर्मचारी व्यवस्थापन सम्बन्धमा
१०. डोरहाजिरीका कर्मचारीहरुको पारीश्रमीक रकम सम्बन्धमा
११. कार्यालयको गतिविधि सम्बन्धमा
१२. ७ नं. वडा कार्यालयको ट्वाईलेट भवन मर्मतको रकम भुक्तानी सम्बन्धमा
१३. रुरु रुन्खा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. को धरौटी रकम फिर्ता सम्बन्धमा
१४. प्रशासकीय भवन निर्माणको लागि जग्गा व्यवस्थापन सम्बन्धमा
१५. एम्बुलेन्स खरिद सम्बन्धमा
१६. १५ शैंया अस्पतालको थप रकम माग सम्बन्धमा
१७. संघीय सरकार तथा प्रदेश सरकारमा रकम फिर्ता सम्बन्धमा
१८. गुल्मीदरबार गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी २०७४ संशोधन सम्बन्धमा
१९. रकम भुक्तानी सम्बन्धमा
२०. अन्य विविध

**मिति २०७९।०८।२१ गतेको छैठौं कार्यपालिकाको बैठकको निर्णयहरु**

| निर्णय नं. | निर्णय |
|---|---|
| १. | यस भन्दा अगाडिका कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्था बारे छलफल तथा समीक्षा गरियो निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो । |
| २. | मिति २०७९ मंसिर ४ गते सम्पन्न भएको प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनलाई भयरहित र विश्वसनिय रुपमा सम्पन्न गर्नको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय, जनप्रतिनिधि, संचारकर्मी र आम गुल्मीदरबारबासी नागरिकहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्ने । |
| ३. | जनताको घरदैलोमा सरकारी सेवा उपलब्ध गराउने उद्देश्यले मिति २०७९ पौष ८ गते देखि यस गाउँपालिकाका सबै वडाहरुमा देहाय बमोजिमको एकीकृत घुम्ति सेवा संचालन गर्ने । एकीकृत घुम्ति सेवालाई प्रभावकारी रुपमा संचालन गर्नको लागि सम्पूर्ण वडा कार्यालयहरुले व्यापक प्रचार प्रचार गरी नागरिकलाई सूचना प्रवाह गर्ने व्यवस्था मिलाउने ।<br>**सेवाहरु**<br>क. उपभोक्ता समितिका पदाधिकारीहहरुलाई अनुशिक्षण कार्यक्रम<br>ख. उपभोक्ता समिति मार्फत सम्पन्न हुने योजनाहरुको सम्झौता<br>ग. व्यवसाय दर्ता तथा नविकरण<br>घ. जेष्ठ नागरिक परिचय पत्र वितरण<br>ङ. नागरिकको स्वास्थ्य परीक्षण<br>च. कृषकलाई कृषि सम्बन्धी परामर्श र कृषकहरुको माटो परीक्षण र पशुपंक्षीको औषधी वितरण |
| ४. | प्रदेश सरकारको सूचना बमोजिम यस गाउँपालिकाबाट सार्वजनिक सेवा प्रवाह सम्बन्धी नव प्रवर्तन कार्यक्रम संचालन गर्न प्रस्ताव पेश गर्ने र उक्त कार्यक्रम संचालनको लागि गाउँपालिकाले लागत सहभागीतामा लाग्ने रकम बेहोर्ने । |
| ५. | LISA र FRA मा का सूचकहरुलाई मध्यनजर गरी सोही बमोजिमका सम्पादन भएका कार्यहरुको सम्बन्धित शाखा प्रमुख तथा वडा कार्यालयले आवश्यक कागजात तयारी अवस्थामा राख्ने र सोको लागि आवश्यक प्रबन्ध प्रमुख प्रशासकीय अधिकृतले गर्ने । |
| ६. | जिल्ला खेलकुद विकास समिति गुल्मीले पेश गरेको प्रस्तावना बमोजिम गण्डकी प्रदेशको पोखरामा संचालन भएको राष्ट्रिय खेलकुद कार्यक्रममा खेलाडीहरुलाई हौसला प्रदान गर्न तथा खेलकुदका विभिन्न कृयाकलापहरुलाई प्रभावकारी रुपमा संचालन गर्न रु. ५०,०००।— (पचार हजार) र कला लोकसंस्कृतिको जगर्ना गर्न राष्ट्रिय लोक तथा दोहोरी गित प्रतिपष्ठान नेपाल जिल्ला कार्य समिति नेपाल गुल्मीलाई रु. २५०००।— (पच्चिस हजार) रकम अन्य संस्था सहयोग शिर्षकबाट सहयोग उपलब्ध गराउने । |
| ७. | देहाय बमोजिमका नागरिकहरुलाई वडा कार्यालयको सिफारिस अनुसार आर्थिक सहायकता उपलब्ध गराउने । |

| निर्णय नं. | निर्णय |
|---|---|
| | क. वडा नं. ५ निवासी श्री अनिता सुनार जसले १०+२ को परीक्षामा जिल्लामै प्रथम स्थान हालिसल गरेको तथा घरको आर्थिक अवस्था दयनीय भएकोले निजलाई उच्च शिक्षा अध्ययनको लागि रु. ३०,०००।– रकम आर्थिक सहयोग उपलब्ध गराउने ।<br>ख. वडा नं. ७ को अर्चना परियारको घरको आर्थिक अवस्था नाजुक भएको तथा निजले हाल प्राविधिक शिक्षा अध्ययन गरिरहेको हुँदा निजको शैक्षिक कृयाकलापलाई अगाडि बढाउन रु. १२,०००।– रकम आर्थिक सहयोग गर्ने ।<br>ग. वडा नं. ७ को सिर्जना सुनारको घरको आर्थिक अवस्था नाजुक भएको तथा निजले हाल प्राविधिक शिक्षा अध्ययन गरिरहेको हुँदा निजको शैक्षिक कृयाकलापलाई अगाडि बढाउन रु. १२,०००।– रकम आर्थिक सहयोग गर्ने ।<br>घ. वडा नं. ६ को गोपाल शाही (निजको बाबुआमा बोल्न र सुन्न नसक्ने अवस्थाका) को घरको आर्थिक अवस्था कमजोर रहेका कारण उच्च शिक्षा हासिल गर्नबाट बन्चित हुने देखिएकोले उच्च शिक्षा पुरा गर्नको लागि निजलाई रु ३०,०००।– रकम आर्थिक सहयोग गर्ने ।<br>ङ. वडा नं. ७ को मानबहादुर कामीको मिति २०७९।०६।१० गतेका दिनको अविरल वर्षातको कारणले घर तथा गोठ पुरिएको र घरमा बस्न नमिल्ने भएको हुँदा निजलाई वैकल्पिक आवासको व्यवस्थापन गर्नको लागि विपद् कोषबाट रु ३०,०००।– रकम उपलब्ध गराउने ।<br>च. वडा नं. ७ निवासी दुवै आँखा नदेख्ने तर साङ्गितिक क्षेत्रमा अगाडि बढ्न चाहेको हुँदा निजलाई साङ्गितिक क्षेत्रमा उत्प्रेरित गराउनको लागि गणेशप्रसाद अर्याललाई म्युजिकल किबोर्ड खरिद गर्नको लागि रु. २५,०००।– रकम सहयोग गर्ने ।<br>छ. कार्यपालिकाको निर्णयानुसार वडा नं. ४ को मन्जु कार्कीलाई यस कार्यालयबाट मिति २०७९/०३/२३ मा जारी भएको चेक नं. ५२८९८२८१ बाट रु २०,०००।– रकम भुक्तानी गरिएकोमा निजले समयमै चेक नसाटेको कारण चेक सहित निवेदन पेश भएको हुँदा निजलाई उक्त रकम आर्थिक सहायता उपलब्ध गराउने । |
| ८. | यस गाउँ कार्यपालिकाको कार्यालयबाट विभिन्न पदमा विभिन्न मितिमा लिईएको परीक्षामा वैकल्पिक सूचीमा रहेका तथा लोकसेवा आयोगबाट लिईएको परीक्षामा वैकल्पिक सूचीमा परेका नागरिकहरु सम्बन्धित सेवाको रिक्त पदमा कामकाज गर्नको लागि योग्यताक्रम अनुसार छनौटको लागि प्राथमिकता दिने । |
| ९. | गाउँ कार्यपालिकाको कार्यालयमा विभिन्न कामले सेवा लिन आउनुभएका नागरिकहरुलाई सहज रुपमा सेवा उपलब्ध गराउन स्थापना गरिएको सहायता कक्षमा एक जना सहायक कम्प्युटर अपरेटर सहायक चौथो तहको कर्मचारीलाई वैकल्पिक सूचीमा रहेका व्यक्तिबाट छनौट गर्नको लागि सूचना प्रकाशन गर्ने र सूचनाको म्याद भित्र निवेदन पेश भएमा वैकल्पिक सूचीको योग्यताक्रम बमोजिम छनौट गर्दा गुल्मीदरबार गाउँपालिकाको नागरिक भएमा प्राथमिकता दिई छनौट गर्ने र कुनै पनि उम्मेदवारको दरखास्त पेश नभएमा नियमानुसार खुला रुपमा छनौट |

| निर्णय नं. | निर्णय |
|---|---|
| | गरी  मिति २०७९ पौष देखि २०८० असार मसान्तको लागि राखी प्रभावकारी सेवा प्रवाहको व्यवस्था मिलाउने । |
| १०. | ६ नं. वडा कार्यालय र ७ नं वडा कार्यालयमा वडा सचिवको पदपूर्ति समेत नभएको र वडाको काम कारवाहीलाई प्रभावकारी रुपमा संचालन गर्न कार्यालयको कार्य चापको आधारमा वडा नं. ४, ६ र ७ मा डोर हाजिरीमा काममा लगाएका व्यक्तिलाई कामकाज गरेको दिनको दैनिक ५१७ का दरले ०७९ श्रावण देखि २०७९ पौष मसान्त सम्को रकम वडा कार्यालय जवाफदेही हुनेगरी वडाको सिफारिस बमोजिम भुक्तानी गर्ने र आगामी दिनमा आवश्यकता र औचित्यता पुष्टी भएमा कार्यपालिकाको बैठकबाट थप निर्णय गर्ने । |
| ११. | गुल्मीदरबार गाउँ कार्यपालिकाको कार्यालयबाट हाल सम्म भए गरेका विभिन्न गतिविधिहरुको बारेमा प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पाण्डेले बैठकमा जानकारी गराउनु भयो । गुल्मीदरबार गाउँपालिकाको आ.व. ०७९/०८० को नीति तथा कार्यक्रम अनुसार प्रभावकारी रुपमा कार्य सम्पादन गर्न गराउन प्रमुख प्रशासकीय अधिकृत मार्फत सबै कर्मचारीहरुलाई निर्देशन दिने ।<br><br>क. अघिल्लो महिना तथा हाल सम्मको आय व्यय विवरण<br>ख. सार्वजनिक खरिद तथा टेण्डर सम्बन्धी विवरण<br>ग. नागरिककेन्द्रित सेवा प्रवाह सम्बन्धी विवरण<br>घ. योजना सम्झौता तथा कार्ययोजना सम्बन्धी विवरण |
| १२. | ७ नं. वडा कार्यालयको ट्वाईलेट भवन पुरानो भई जिर्ण भएको हुँदा मर्मत गर्न लागेको रकम लागत अनुमान बमोजिमको रकम फुटकर योजना मार्फत भुक्तानी गर्ने । |
| १३. | अर्वाङ्गदी गैरा लिफ्ट खानेपानी योजना निर्माणको लागि नियमानुसार रुरु रुन्खा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. का.म.पा.-११, बबरमहलले यस गाउँपालिकाको ग्लोबल आईएमई बैंक गौडाकोट शाखाको धरौटी खातामा रकम जम्मा गर्नु पर्नेमा भुलवस गाउँपालिकाको संचित खातामा रकम जम्मा गरेको अभिलेखबाट प्रमाणित देखिदा हाल निर्माण कार्य समेत सम्पन्न भैसकेकोले उक्त फर्मले यस कार्यालयको खाता नं. C६०४०१००००००१ (ग.४.१) मा धरौटी वापत जम्मा गरेको रकम रु० २,३०,०००।— रकम भुक्तानी गर्ने । |
| १४. | गुल्मीदरबार गाउँपालिका वडा नं. ३ मा रहेको नमुना सामुदायिक वनमा प्रशासकीय भवन निर्माणको कार्य अगाडि बढाउनु पर्ने भएको हुँदा उक्त नमूना सामुदायिक वन उपभोक्ता समूहको च.नं. १५३ मिति २०७४।१२।०९ बाट जग्गा दिन सहमती समेत प्राप्त भएको र आवश्यक प्रकृया पुरा गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा समेत कागजात पेश भएको |

| निर्णय नं. | निर्णय |
|---|---|
| | हुँदा प्रशासकीय जग्गा व्यवस्थापनको लागि मन्त्रालयलाई अनुरोध गर्ने साथै उक्त प्रशासकीय भवन निर्माणको लागि आवश्यक पर्ने सामुदायकिक वनको करिब १२ रोपनी जग्गा अन्य स्थानमा गाउँपालिकाले खरिद गरि वृक्षारोपण गर्ने । |
| १५. | गुल्मीदरबार गाउँपालिकाका नागरिकहरुको स्वास्थ्य सेवामा पहुँच पुऱ्याउने उद्देश्यले सुविधायुक्त एम्बुलेन्स सेवा उपलब्ध गराउने नीति अनुरुप नयाँ एम्बुलेन्स खरिद प्रकृया गत वर्ष शुरु गरिएको तर रकम भुक्तानी गर्न बाँकी रहेको हुँदा यस आ.व. मा दायित्व सृजना भए खरिद प्रकृया अन्तर्गत स्वीकृत भएको फर्मसँग एम्बुलेन्स खरिदको बाँकी कार्यहरु सम्पन्न गरी एम्बुलेन्स खरिदको लागि अग्नी इन्कर्पोरेटेड प्रा.लि. काठमाण्डौलाई सम्झौता गरी एम्बुलेन्स खरिदको लागि आवश्यक पर्ने रकम १८ लाख ७५ हजार ७ सय १८ पेश्की स्वरुप भुक्तानी गर्ने । |
| १६. | गुल्मीदरबार गाउँपालिका वडा नं. ३ धुरेलडाँडामा निर्माणाधिन १५ शैयाको अस्पतालको हालसम्म करिब ८०% भौतिक प्रगती भएको हुँदा २०८० असार मसान्त सम्म अस्पतालको निर्माण कार्य सम्पन्न हुने देखिएकोले नपुग हुने रकम रु. ५ करोड ४७ लाख ८९ हजार ९ सय पचपन्न निकासाको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने । |
| १७ | संघीय सरकारबाट प्राप्त विशेष अनुदानको रकमबाट यस गाउँपालिकाको वडा नं. ४ विरबासको स्वास्थ्य चौकी भवन निर्माण कार्य संचालन गरिएको हुँदा उक्त भवनको निर्माण कार्य भैरहेको हुँदा रकम भुक्तानी दिन बाँकी रकम यस गाउँपालिकाको संचित खातामा राखिएको तर मलेनिकाबाट रकम फिर्ता नगरेको भन्दै सुत्र सिस्टम लक भएको कारण संघीय सरकारको विशेष अनुदानबाट प्राप्त रकमबाट विरबास स्वास्थ्य चौकी निर्माणको केही रकम भुक्तानी गरी बाँकी रहेको रकम रु. १,०५,८९,३१३।- संघीय सरकारमा अनुदान फिर्ता पठाउने र हाल भवनको निर्माण कार्य अन्तिम चरणमा रहेको हुँदा भुक्तानी दिन बाँकी रकम रु १ करोड ७ लाख ४० हजार ४ सय ६८ कुनै पनि स्रोत नभएको हुँदा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अर्थ मन्त्रालयलाई रकम निकासाको लागि अनुरोध गर्ने । साथै संघीय सरकारको विशेष अनुदान मार्फत निर्माण भईरहेको इश्वरी मा वि को १६ कोठे भवनको लागि नपुग हुने रकम रु. ३८ लाख ८५ हजार ३ सय ९२ गरी जम्मा विशेष अनुदानको रकम रु. १ करोड ४६ लाख २५ हजार ८ सय ६० रुपैया निकासा माग गर्ने र देहाय बमोजिमका संघीय र प्रदेश सरकारको अनुदान रकम फिर्ता गर्ने<br>१. विशेष अनुदान लुम्बिनी प्रदेश सरकार चालु २,८६,०७५।—<br>२. संघीय सरकारको शर्शत अनुदान फिर्ता ३७,१४,०९९।- |

| निर्णय नं. | निर्णय |
|---|---|
| १८ | गुल्मीदरबार गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ को दफा ४ को उपदफा ४ पछी देहाय उपदफा (५) थप गर्ने र अनुसूची २ को बुँदा नं. ७ मा देहाय बमोजिम कायम गर्ने ।<br><br>उपदफा (५) "लोकसेवा आयोग,प्रदेश लोकसेवा आयोग तथा यस गाउँपालिकाको विभिन्न पदमा बैकल्पिक सूचिमा परेका उम्मेदवारहरु मिल्दो पदमा छनौट गर्न कार्यालयले शर्तहरु उल्लेख गरी कम्तिमा ७ (सात) दिनको सूचना प्रकाशन गर्न सक्नेछ । यसरी प्रकाशित सूचना बमोजिम पर्न आएका दरखास्तहरु मध्ये वैकल्पिक योग्यतक्रम अनुसार छनौटको लागि पदपूर्ति समितिले सिफारिस गर्नुपर्नेछ ।"<br><br>**अनुसूची २ को बुँदा नं. ७**<br><br>"लोकसेवा आयोग, प्रदेश लोकसेवा आयोग तथा यस कार्यालयको बैकल्पिक सूचिमा परेका उम्मेदवारहरुको हकमा सोही आ.व. को लागि  दरखास्त बमोजिमको दरखास्त दिदाँको उमेरलाई आधार मानिनेछ ।" |
| १९. | गुल्मीदरबार गाउँपालिकामा जिल्लाबाट आउनु हुने सुरक्षा निकाय, जिल्ला समन्वय प्रमुख लगायतका पदाधिकारी, जिल्लास्थित पालिकाका पदाधिकारीहरु तथा जिल्ला बाहिरका पालिकाका पदाधिकारी, संघ तथा प्रदेशका माननीयज्यहरु लगायतबाट कार्यालय अनुगमन, भेटघाट, असल अभ्यास आदान प्रदान,कार्यपालिका बैठक, विभिन्न विषयगत समितिका बैठकहरु लगायतका कार्यहरुमा खाजा नास्ता वापत खर्च भएको रकम रु. २ लाख ४२ हजार ६७० रुपैया भुक्तानी गर्ने । |
| २०. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायतका निकायहरुबाट प्राप्त परिपत्र तथा निर्देशनहरु बैठकमा प्रस्तुत भई छलफल भयो । प्राप्त निर्देशन तथा परिपत्रलाई आवश्यक कार्यान्वयन गर्ने गराउने । |